आज मिति २०७१ साल आश्विन ७ गते बिहिवार बेलुकी ५.३० वजे श्री संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प्राप्त परिपत्र अनुसार श्रीमान् प्रमुख तथा कार्यकारी अधिकृत श्री भरतमणी पाण्डेज्युको अध्यक्षतामा देहायको उपस्थितीमा बैठक वसी देहाय वमोजिम निर्णय गरियो ।

**उपस्थिती**

| पद | नाम थर | दस्तखत |
|---|---|---|
| प्रमुख तथा कार्यकारी अधिकृत | श्री भरतमणी पाण्डे | |

निर्णय नं. १, यस ललितपुर उप महानगरपालिका कार्यालय, यस अर्न्तगतका महाशाखा, शाखा एवं कार्यालयहरु उपर पर्न आउने सवै प्रकारका मुद्दा मामीलाहरु तथा कानूनी काम कार्यवाही गर्ने सन्दर्भमा तत् सम्वन्धी निकायहरुको अड्डा, अदालत कार्यालयहरुमा फिरादपत्र, प्रतिउत्तरपत्र, रिट निवेदन, लिखित जवाफ लगायत परी आउने जुन सुकै काम कार्यवाहि गर्न तथा वारेस मुकरर गर्न समेत पाउने गरी यस उप महानगरपालिकाका प्रमुख श्री भरतमणी पाण्डेलाई अख्तियारी दिने निर्णय गरियो साथै वहांको अनुपस्थितीमा वाहांले अख्तियारी दिएको व्यक्तिले समेत पाउने गरी माथी उल्लेखीत मुद्धा मामीला सम्वन्धी काम कार्यवाही गर्न अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. २, २०७२ साल बैशाख १२ गते गएको विनाशकारी भुकम्प पश्चात उप महानगरपालिका क्षेत्र भि निर्माण गरिने नयाँ भवनहरुको नक्सा पास प्रक्रियाकालागि नक्सा दर्ता गर्न रोकी राखेकोमा मिति २०७२ साल भाद्र १५ गते देखि नक्सा पास प्रक्रिया खुल्ला गरिएकोमा श्री सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त भविन निर्माण मार्गदर्शन २०७२ जारी भई सो मार्गदर्शन समेतलाई मध्यनजर गर्दै २२ औंनगर परिषदवाट नक्सा पास सम्वन्धि निर्णय भएकोमा मार्गदर्शनका केहि बुँदाहरुमा अस्पष्ट भई नक्सा दर्ता प्रक्रियामा अफठ्यारो परेको भन्ने प्राविधिकहरुवाट आएको हुँदा देहायका बुँदाहरुमा देहाय वमोजिम हुने गरी नक्सा पास प्रक्रिया अगाडी वढाउने र सो को अनुमोदन आगामी नगरपरिषदवाट गराउने समेत निर्णय गरियो ।

क) नक्सा पास सम्वन्धि मार्गदर्शनको वुँदा नं. १४.३१ मा अव वन्ने सडक न्यूनमत ६ मिटर हुनु पर्छ भन्ने उल्लेख भएकोमा भवन निर्माण गर्दा GLD नभएको हकमा कम्तीमा ४ मिटर वाटो कायम हुने गरी १.५ मीटर Set Back कायम गर्ने ।

ख) नक्सा पास सम्वन्धि मार्गदर्शनको बुँदा नं. १४.३४ को भवन संहिता २०६० अनुसार भवन निर्माण गर्दा जग्गाको साँध सिमानावाट न्यूनतम १ मिटर छाडेर मात्र भवनको आइसोलेटेड पिलर जग तथा भारवहन गाह्रो निर्माण गर्न पाउने छ भन्ने व्यवस्था भएकोमा सो प्रावधानवाट तत्काल नक्सा पास गर्न समस्या देखिएको हुँदा अव नक्सा पास गर्दा पुराना तथा घना आवासिय वस्ती लगायतका अन्य सवै क्षेत्रको Combined Colum Footing लगायतका Strap, Beam Mat वा Raft Foundation निर्माण गर्दा इन्जिनियरीङ्ग प्रविधि प्रयोग गरी सुरक्षीत देखिई नक्सा दर्ता हुन आएमा नक्सा पास गर्ने ।

ग), मार्गदर्शन लागु हुन भन्दा अगाडी नगर विकास प्राधिकरणवाट स्वीकृत भई आएका हाउजिङ्ग लगायतका निर्माण कार्यमा सोही अनुसार नक्सा स्विकृत प्रक्रिया अगाडी वडाउन सिफारीस गर्ने निर्णय गरियो ।

घ) नक्सा पास मार्गदर्शनले नसमेटेकाको हकमा २०६४ को मापदण्ड अनुसार गर्ने ।

निर्णय नं. ३, MT MP को लागि परामर्श दाता मार्फत गराउन TOR तयार गरी १५ दिन भित्र प्रमुख तथा कार्यकारी अधिकृत समक्ष प्रतिवेदन पेश गर्न देहायका कर्मचारीहरु रहेको प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

ईन्जिनियर श्री श्रीकुमार महर्जन
ईन्जिनियर श्री हरिश्चन्द्र लामिछाने
ईन्जिनियर श्री रुद्र प्रसाद अधिकारी
ईन्जिनियर श्री उपेन्द्र नायक

शहरी शासन विज्ञ श्री द्रोण काइराला

निर्णय नं. ४, नयाँ आठवटा वडाहरुको हकमा हाललाई काठमाण्डौं उपत्यक भित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स.हरुमा गरिने निर्माण सम्वन्धि योजनावद्ध आवाशिय उपक्षेत्रको १ नंम्वर अनुसार वाटोको चौडाई कायम गरी MTMP को योजना नवने सम्म नक्सा पास प्रक्रिया अगाडी वडाउने र मापदण्ड अनुसार नापी नक्सामा उक्त प्रस्तावित वाटोको मार्किङ्ग गरी एक महिना भित्र पेश गर्न तपसिलका कर्मचारीहरु रहने कमिटि गठन गर्ने निर्णय गरियो ।

संयोजक ईञ्जिनियर श्री श्रीकुमार महर्जन
ईञ्जिनियर श्री हरिश्चन्द्र लामिछाने
ईञ्जिनियर श्री वलराम महर्जन
ईञ्जिनियर श्री उपेन्द्र नायक
ईञ्जिनियर श्री महेन्द्र महर्जन
ईञ्जिनियर श्री रामकुमार ढकाल
शाखा अधिकृत श्री सागर थापा
अमिन श्री भिमसेन थापा

निर्णय नं. ५, यस ललितपुर उप महानगरपालिकाको मिति २०७२।४।३ मा वसेको बोर्ड वैठकको निर्णयानुसार गठित मौजुदा खरिद ईकाइका संयोजक वरिष्ठ इञ्जिनियर श्री रुद्र प्रसाद गौतम काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडमा महाप्रवन्धक पदमा नियुक्त भई जान भएको हुँदा रिक्त हुन गएको मौजुदा खरिद इकाईको संयोजकमा यस उप महानगरपालिकाका वरिष्ठ आर्किटेक्ट श्री प्रविण श्रेष्ठलाई तोक्ने र अन्य सदस्यहरु यथावत राख्ने निर्णय गरियो ।